# लोक सेवा आयोग

## नेपाल न्याय सेवा, सरकारी वकील समूह, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

२०७४-११-२१

समय:- ३ घण्टा

पूर्णाङ्क:- १००

पत्र:- द्वितीय

विषय:- सेवा सम्वन्धी

***तलका प्रश्नको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।***

१) "कानून" र "आचार संहिता" बीच के कस्तो अन्तर र समानता हुन्छ चर्चा गर्दै सरकारी वकीलको आचार संहिता, २०४९ को औचित्यबारे प्रकाश पार्नुहोस् । १५

२) अन्तर्राष्ट्रिय जगतमा भूपरिवेष्ठित् राष्ट्रका हक अधिकारहरू के के छन्? नेपाल पनि एक भूपरिवेष्ठित राज्य भएका कारण यसले समय समयमा बेहोरेका र बेहोर्नु परेका समस्यालाई दृष्टिगत गरी आगामी दिनहरूमा यस्तो समस्या निराकरण गर्न के उपाय अबलम्वन गर्नुपर्ला? अन्तर्राष्ट्रिय कानूनका प्रावधानमा आधारित भई सुझाव प्रस्तुत गर्नुहोस् । १५

३) नागरिकताको सैद्धान्तिक आधारबारे चर्चा गर्दै नेपालको वर्तमान संविधानले गैरआवासीय नागरिकता प्रदान गर्ने सम्वन्धमा के कस्तो प्रावधान तय गरेको छ? सो बारे उल्लेख गर्दै सो प्रावधान तपाईको विचारमा उपयुक्त छ/छैन समीक्षात्मक टिप्पणी गर्नुहोस् । १५

४) रीट निवेदन र लिखित जवाफ पेश गर्दा मूलभूत रूपमा के कस्ता कुरामा ध्यान दिनुपर्दछ? उल्लेख गर्नुहोस् । १५

५) मुद्दाको अनुसन्धान तथा अभियोजन गर्दा हुने भ्रष्टाचार हुन नदिन के कस्तो नीतिगत, कानूनी तथा अनुगमन र सुपरीवेक्षण सम्वन्धी व्यवस्था गर्नुपर्ला? सुझाव दिनुहोस् । १५

६) फौज्दारी मुद्दाको अनुसन्धान र अभियोजन गर्दा प्रमाण ऐन र अन्य कानून समेतको आधारमा प्रमाणको संकलन र प्रस्तुतीकरण गर्दा अवलम्वन गर्नुपर्ने प्रकृयागत जटिलता, त्यस्ता प्रमाणहरूको प्रमाणिकताका लागि अदालत वा न्यायिक निकाय समक्ष पेश वा उपस्थित हुनुपर्ने न्यायिक परिपाटी अनुसार ठूलो संख्यामा जाहेरवाला साक्षी एवं पीडित समेत उपस्थित नहुने भए पनि आफ्नो पूर्व व्यहोरा पुष्टि गर्न उदासीन हुने एवं प्रतिकूल वकपत्र गर्ने कारणले मुद्दामा दावी स्थापित नहुने जटिल समस्या देखिएको छ । यस्तै अवस्थाले निरन्तरता पाउने हो भने फौज्दारी न्याय प्रशासन प्रभावकारी रहन सक्दैन । लामो समयदेखि प्रमाण ऐन एवं प्रमाण संकलन, प्रस्तुतीकरण र प्रमाण परीक्षणको प्रकृयामा सुधारका स्पष्ट प्रयासहरू समेत भएको देखिंदैन । यस्तो परिस्थितिमा सुधार गर्न के गर्नुपर्ला निम्न विषयमा उल्लेख गर्नुहोस् । २५

क) वर्तमान प्रमाण संकलन र प्रस्तुतीकरणको प्रकृया उल्लेख गर्नुहोस् ।

ख) प्रमाण संकलन र परीक्षणको क्रममा रहेको दोहोरोपन तथा प्रमाण संकलन गर्दा अनुसन्धान गर्ने निकाय र परीक्षण गर्दा अदालत वा न्यायिक निकायमा उपस्थित हुनु पर्ने प्रकृयामा हुन सक्ने सुधारहरू खुलाउनुहोस् ।

ग) उदासीन तथा प्रतिकूल वकपत्र तथा प्रतिकूल प्रमाण प्रस्तुतीकरणमा गर्न सकिने सुधारका सम्भावनाहरू के के छन्?

««« समाप्त »»»